यस मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षता निम्न अनुसारको उपस्थितमा मिति २०८२।१२।१९ गते विहिवार दिनको १:०० बजे नगरपालिकाको सभा हलमा तपसिल वमोजिमका प्रस्तावहरुमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक वसियो।

## उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदान | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री विरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री हरि शंकर यादब | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०८२।१२।१९ गते

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) मिथिला नगरपालिका अन्तर्गत सामुदायिक विधालयहरुको शिक्षक दरवन्दी मिलान गर्ने तथा सामुदायिक विधालयहरु गाभ्ने सम्बन्धमा

प्रस्ताव नं.२) शिक्षक विज्ञापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) मिथिला नगरपालिका अन्तर्गत श्रेणी विहिन कर्मचारी पदपुर्ति कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा

प्रस्ताव नं.४) विविध सम्बन्धमा।

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

६।१५६
प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

## मिति २०८२।१२।१९ गते

**बैठकका निर्णयहरु:**

निर्णय नं.१) प्रस्ताव नं १ मा छलफल गर्दा मिथिला नगरपालिका अन्तर्गत सामुदायिक विधालयहरुको शिक्षक दरवन्दी मिलान सम्बन्धित प्रतिवेदन, २०८२ स्वीकृत गरी लागू गर्ने तथा मिथिला नगरपालिका अन्तर्गत सामुदायिक विधालयहरु गाभ्ने सम्बन्धमा देहाय अनुसार समिति गठन गर्ने निर्णय पारित गरियो।

देहाय

१.उप प्रमुख श्री सुनिता सिंह बुढाथोकी - संयोजक
२. सम्बन्धित वडाको अध्यक्ष - सदस्य
३. सामाजिक विकास शाखा प्रमुख - सदस्य
४. प्र.अ. श्री श्याम कुमार यादव - सदस्य
५. शिक्षा शाखा प्रमुख -सदस्य सचिव

निर्णय नं.२) प्रस्ताव नं २ मा छलफल गर्दा मिथिला नगरपालिका अन्तर्गत सामुदायिक विधालयहरुको लागि ३०(तीस) जना स्वयम् सेवक शिक्षक विज्ञापन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं ३ मा छलफल गर्दा मिथिला नगरपालिका अन्तर्गत श्रेणी विहिन कर्मचारी पदपुर्ति कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय पारित गरियो।

निर्णय नं.४) प्रस्ताव नं ४ मा छलफल गर्दा विविध सम्बन्धमा देहाय अनुसार निर्णय पारित गरियो।

देहाय

१. आजका मिति देखि मिथिला नगरपालिका तथा मातहतका वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक विधालय लगायतका कर्मचारीहरु सरकारी कार्यालयबाट संचालित हुने तालिम, बैठक, गोष्ठी तथा सेमिनारहरुको कार्यक्रममा कर्मचारीहरु सहभागी नहुने ।

२. मिथिला नगरपालिकाको संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन अनुसारको स्वीकृत दरवन्दी भित्रका शाखाहरु मिलान गरी कर्मचारीहरुलाई खटाउने ।

३. सशर्त अनुदान तर्फको साना सिचाई कार्याक्रम अन्तर्गत मिथिला नगरपालिकामा ८५(पचासी) प्रतिशत अनुदानमा सिचाई ईनार निर्माण गर्ने ।

४. लामखुट्टे व्यवस्थापनका लागि औषधीं छर्ने ।

५. विगतमा गठित समितिहरुले वुझाउन वाँकी रहेको प्रतिवेदनहरु १५(प्रन्ध) दिन भित्र पेश गर्ने ।

६. प्राविधिक कर्मचारीहरुलाई वडा कार्यालयमा नै हाजिर हुने गरी खटाउने र सम्बन्धित वडामा खटिएका प्राविधिक कर्मचारीहरुको हाजिरी वडा अध्क्षय/वडा सचिवले प्रमाणित गरी नगरपालिका पेश गरेपछि मात्र तलव भुक्तानी गर्ने ।

७. जिल्ला समन्वय समितिको कार्यालय, धनुषा, जनकपुरधाम चलानी नं. २२६ मिति २०८२।१२।१५ गतेको पेश भएको प्रतिवेदनको सुझावहरु कार्यान्वयन गर्नका लागि देहायको समिति गठन गरियो ।

<u>तपसिल</u>

१. नगर प्रमुख श्री महेन्द्र महतो - संयोजक
२. उप प्रमुख श्री सुनिता सिंह बुढाथोकी - सदस्य
३. वडा अध्क्षय श्री सविन विक्रम थापा - सदस्य
४. इन्जिनियर श्री दिपक लामा - सदस्य
५. प्रमुख प्रशासकिय अधिकृत -सदस्य सचिव